नेपाल सरकार
# गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

फोन नं. ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- ११४९
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७८।०७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १२८

मिति २०७८।०९।०१

विषय: **निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा यस वर्षको चिसो मौसम शुरु भैसकेको अवस्थामा शीतलहर, हिमपात तथा अत्याधिक चिसोबाट हुन सक्ने जोखिम एवम् सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवम् प्रतिकार्य गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रीस्तर) बाट भएका तपसिलबमोजिमका निर्णयहरु कार्यान्वयन गर्न/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

निर्णयहरु :

(क)२० वटा हिमाली जिल्लाहरु ताप्लेजुङ्ग, सोलुखुम्बु, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ, मनाङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, बझाङ, बाजुरा र दार्चुलाले रु.४,००,०००/-(अक्षरुपी चार लाख) का दरले रु.८०,००,०००/-(अक्षरुपी रु. असी लाख) साथै तराईका शीतलहरबाट बढी प्रभावित हुन सक्ने जिल्लाहरु सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रुपन्देही र कपिलवस्तुलाई रु. १२,००,०००/-(अक्षरुपी बाह्र लाख) का दरले जम्मा रु. १,३२,००,०००/-(अक्षरुपी एक करोड बत्तीस लाख) एवं नवलपरासी पूर्व, दाङ, बाके, बर्दिया, कञ्चनपुर र कैलालीलाई रु. ८,००,०००/-(अक्षरुपी आठ लाख) का दरले रु. ४८,००,०००/- (अक्षरुपी अड्चालीस लाख) गरी हुन जाने कूल जम्मा रकम रु.२,६०,००,०००/-(अक्षरुपी रु. दुई करोड साठी लाख) जिल्लास्थित विपद् व्यवस्थापन कोषमा रहेको मौज्दात रकमबाट खर्च गर्ने र मौज्दात रकमबाट नपुग हुने देखिएको खण्डमा मात्र रकम माग गरी नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम तोकिएको सीमाभित्र रही खर्च गर्न निर्देशन दिने ।

(ख) उक्त रकम पछि बस्ने कार्यकारी समितिको बैठकबाट समर्थन गर्ने ।

(ग) शीतलहर हिमपातसम्बन्धी च.नं. ८८, मिति २०७८।०८।०२ को सचिवस्तरीय निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(घ) पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला निकायहरुको जिम्मेवारी तोकिएको संलग्न स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

2078/09/01

(कविता शर्मा)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# हिमपात, शितलहर, अत्याधिक चिसोलगायतका विपद् जोखिमको न्यूनीकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

| सिं.नं. | कार्यहरु | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | हिमपात,चिसो तथा शीतलहर पूर्वतयारी र पूर्व प्रबन्ध गर्ने सम्बन्धी बैठक तुरुन्तै राख्ने | Cluster Lead गर्ने सबै मन्त्रालयहरु, जिल्ला प्रशासन कार्यालयहरु स्थानीय तहहरु | |
| २ | जाडोको समयमा आवश्यक पर्ने दाउरा तथा काठ समयमानै उपलब्ध गराउने | वन तथा वातावरण मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरु | |
| ३ | नेपाली सेनाले नेपाल प्रहरी, सशस्त्र प्रहरीले आ-आफ्नो क्षेत्रबाट आवश्यक पूर्वतयारी तत्काल गर्ने। | रक्षा मन्त्रालय, नेपाली सेना नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | |
| ४ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न जनचेतनामूलक कार्यक्रम स्वास्थ्यकर्मी औषधीहरु र द्रूत प्रतिकार्य समूह परिचालन गर्ने । | स्वस्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेशका सामाजिक विकास मन्त्रालयहरु | |
| ५ | आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार गरी आम सञ्चारमाध्यम मार्फत प्रचार प्रसार गर्ने । | सूचना तथा सञ्चार मन्त्रालय | |
| ६ | कृषिवाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सुचना प्रचार प्रसार गराउने र शीतलहरको कारणबाट अन्नवाली/पशुपंक्षीको क्षति भएमा कृषकहरुलाई मल बीउ पशुपंक्षी उपचार तथा प्रबिधि सहयोग जस्ता राहत तत्काल उपलब्ध गराउने । | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | |
| ७ | शीतलहर (Cold Wave) सम्बन्धी पूर्वसूचना बुलेटिन दैनिक जारी गर्ने र सो बुलेटिनलाई आम सञ्चार माध्यामबाट प्रकाशन तथा प्रसारण गर्ने । | जल तथा मौषम विज्ञान बिभाग | |
| ८ | कुहिरो तथा हुस्सु लागेको समयमा सम्भावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्न एक सर्वे समूह गठन गरी त्यस्ता स्थानहरुको Mapping गर्ने र सोको आधारमा हिमपात,कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकहरुमा बिभिन्न सांकेतिक चिन्हहरु तथा सूचनामूलक सन्देशहरु राख्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल प्रहरी | |
| ९ | विद्यालयहरुमा हिमपात, चिसो तथा शीतलहरबाट बच्न विद्यार्थीहरुलाई लक्षित गरी विद्यालयमा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १० | शीतलहर हिमपात तथा अत्याधिक चिसोबाट बचाउन विपन्न नारगरिकहरुलाई न्यानोकपडा वितरण गर्ने | गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | नागरिक समाज, सहयोगी निकाय/संस्थाहरुसंग समन्वय गर्ने |